# क्षयरोग रोक्नुहोस

सक्रिय क्षयरोग भएका व्यक्तिले खोक्दा, गीत गाउदा वा वोल्दा र तपाइले क्षयरोगको किटाणुवाट दुषित भएको हावामा सास फेर्दा क्षयरोग सर्दछ ।




किटाणुहरु तपाइको फोक्सोमा पुग्दछन् । त्यहावाट तिनीहरु शरीरका अन्य भागहरुमा फैलिन्छन् ।




तपाइको शरीरले क्षयरोगका किटाणु संग लड्दछ




4 साधारणतया किटाणुहरु तपाइको शरीरभित्र सुत्नका लागि जान्छन् । यस्तोलाई क्षयरोगको संक्रमण भनिन्छ

- तपाइको छालाको परीक्षणको नतीजा सकारात्मक देखिन्छ
- तपाइ विरामी भएको महशुस गर्नु हुन्न
- तपाइले अरुलाई क्षयरोग सार्न सक्नुहुन्न






सक्रिय रुपको क्षयरोग लाग्नवाट वच्न तपाइले औषधि सेवन गर्न सक्नुहुन्छ ।




यदि तपाइले औषधि खाने गर्नु भएन भने क्षयरोगका किटाणुहरु सक्रिय हुन सक्ने छन् र तपाइको फोक्सो र शरीरका अन्य भागहरुमा तिनीहरुले आक्रमण गर्ने छन्, यसलाई क्षयरोग भनिन्छ ।

- तपाइलाई ज्वरो आउने छ , तपाइको तौल घट्ने छ अथवा खोकी लाग्नेछ र तपाइ बिरामी महशुस गर्नु हुने छ ।
- तपाइको शरीर भित्र सक्रिय क्षयरोगका किटाणुहरु छन् ।
- तपाइले अरुलाई क्षयरोग सार्न सक्नु हुनेछ ।




आफू निको हुनका लागि तथा अरुहरुलाई क्षयरोग सर्नवाट रोक्नका लागि तपाइले औषधि सेवन गर्नु पर्दछ ।

सम्युक्त राज्य अमेरिकाको स्वास्थ्य तथा मानवीय सेवा विभाग
सी डि सी (सरुवा रोग नियन्त्रण)
CDC

ASET 5/09